

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २५ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १९ गते बुधबार ❑ 3 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५


## पोखरा महानगरपालिकामा अख्तियार

### मणिपालको राजश्व छुट अख्तियारदेखि अदालतसम्म

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिकाले पोखराको मणिपाल शिक्षण अस्पतालको नम्सा पास गर्दा दिएको राजश्व छुटको बिषयमा सर्वत्र चर्चा परिचर्चा भई रहेका वेला अख्तियार अनुसन्धान आयोगको टोलीले उक्त घटनाको बिषयमा चासो दिएको छ।

महानगरले पोखरा ११ फुलवारीमा रहेको मणिपाल शिक्षण अस्पताललाई नियमविपरीत करिब २० करोड रुपैया राजश्व छुट दिइएको विषयमा उजुरी परेपछि छानबिनका लागि अख्तियारले चासो दिएको हो ।

पोखरा महानगरपालिकाको कार्यालयमा पुगेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एक टोलीले मणिपाल शिक्षण अस्पतालको नक्सा पास गर्दा दिएको छुट सहितको आवश्यक काजपत्र समेत नियन्त्रणमा लिएको छ । महानगरले मणिपाल शिक्षण अस्पतालको नक्सा पास गर्दा दिएको छुटको बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराको कार्यालयमा उजुरी परेसंगै आफुहरुको एक टोली मंगलबार महानगरमा पुगी आवश्यक काजपत्र नियन्त्रणमा लिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराका सूचना अधिकारी जगदिश चन्द्र शिवाकोटीले बताए। महानगरले अशुल्नुपर्ने करमा छुट दिएको बिषयमा हाल अध्ययन अनुसन्धान भई रहेको उनले उल्लेख गरे । उक्त घटनाको बारेमा अध्ययन पश्चात मात्र उक्त घटनाको बिषयमा थप जानकारी गराउने सूचना अधिकारी शिवाकोटीले जनाए । मणिपाल अस्पतालसँग सम्बन्धित राजस्व छुट दिनेदेखि सम्बन्धी महानगरपालिकाको कार्यपालिकाको बैठकको निर्णय र अन्य सबै फाइल नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ । पोखरा महानगरका प्रमुख प्रशासकिय अधिकृत श्यामकृष्ण थापा सहितको टोली भएको अबस्थामा अख्तियारको टोली महानगरमा पुगेको थियो ।

महानगरपालिकाको २०७९ चैत १० मा बसेको १६ औं बैठकले १ करोड ७५ लाख ५३ हजार रुपैयाँ मात्र राजस्व लिएर नक्सा पास दिने निर्णय गरेको थियो । त्यसपछि मणिपालले नक्सा पास एवं भवन निर्माण सम्पन्न प्रमाणपत्र बापत १९ करोड ८१ लाख ११ हजार रूपैयाँ छुट प्राप्त गरेको थियो । मणिपाल अस्पतालले बनाएका भवनको नक्सा पास र जरिवाना सहित २१ करोड ५७ लाख ११ हजार ७९८ रूपैयाँ राजस्व महालेखाको २०७६-७७ को प्रतिवेदनले असुल गर्न भनेको थियो । २०७९ र ८० को महालेखाको प्रतिवेदनले मणिपाललाई भारी छुट दिइएकोमा प्रश्न उठाएपछि यो विषय बाहिर आएको हो । महानगरको १५ औं नगर सभामा समेत उक्त बिषयमा सभा सदस्यहरुले यस बिषयमा मेयर धनराज आचार्य समक्ष प्रश्न गर्नु भएको थियो ।

२०५३ सालमा निर्माण शुरु भई २०५९ सालमा सम्पन्न भएको उक्त अस्पतालको २२ वर्ष भईसक्दा पनि नक्सा पासको स्वीकृति नदिएकोले अब स्वीकृत लिदा करिब १९ करोड रुपैया महानगरलाई बुझाउनु पर्ने अबस्था रहेको पोखरा महानगरका प्रवक्ता मोतीलाल तिम्सीनाले बताए । करिब २२ बर्ष देखि नक्सापासको स्वीकृती नभएकोमा गत वर्ष नक्सापास गर्ने प्रयोजनको लागि राजस्व परामर्श समितिले राजस्व छुट हुने गरी निर्णय गरेकोमा हालै बसेको कार्यपालिका बैठकले उक्त निर्णय उल्टाएको हो ।

पोखरा २५ का अध्यक्ष एवं महानगरका प्रवक्ता तिम्सीनाले मणिपाल शिक्षण अस्पतालको नक्सा पासको बिषयमा कर छुट दिने बिषयमा जनगुनासो आएकोले हालै बसेको कार्यपालिका बैठकले पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्यौँम कृष्ण थापाको संयोजकत्वमा ७ सदस्यीय छानविन अध्ययन समिति गठन गर्ने निर्णय भएको जनाए। उक्त समितिमा महानगरका वित्त महाशाखा प्रमुख जयराम पौडेल, शहरी योजना आयोगका सदस्य डा.हुमनाथ गैरे, अधिवक्ता शहदेव शर्मा, सुकदेव गौतम, इ.सुरेन्द्र पौडेल, वडा सदस्य(जनप्रतिनिधि) शिवराम भण्डारी र रामजी पौडेल रहेका छन्।

नक्सापासको सर्न्दभमा के भएको हो त्यसको वास्तविकता के हो त्यसको बारेमा लाग्ने शुल्क र महानगरले लिनुपर्ने कति रकम हो त्यसको समेत गरी यथार्थ विवरण ल्याउन उक्त समिति गठन भएको प्रवक्ता तिल्सीनाले जनाए । भवन निर्माण मापदण्ड, २०७२ लागु हुनुभन्दा पहिले बनेको ३५ फिट भन्दा माथिको घरको नक्सा पास दस्तुर प्रति वर्ग फिट प्रति वर्ग फिट रु ६० हुने र थप तल्ला प्रति वर्ग फुट रु २० का दरले थप शुल्क लाग्ने उल्लेख छ भने वातावरण शुल्क प्रति वर्ग फुट रु २ लाग्ने समेत उल्लेख गरेको छ । यस मेडिकल साविक मणिपाल मेडिकल कलेज तथा टिचिङ अस्पताल ग्रुप प्रा.लि.ले वि.स २०५५ सालमा घर निर्माण गरी २०५९ सालमा घर निर्माण सम्पन्न गरेको भएतापनि २०८०/०२/०८ सम्म नक्सापास गरेको देखिदैन । नियमानुसार लाग्ने दस्तुरको ३ गुणा राजस्व लिई नक्सापास गर्नुपर्नेमा रु.१९ करोड ८१ लाख ११ हजार राजस्व छुट दिई नक्सापास स्वीकृति दिएको सम्बन्धमा यथार्थता एकिन गरी दाखिला हुनुपर्दछ । महालेखाको प्रतिवेदनमा उक्त कुरा उल्लेख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा स्पोर्टस् अवार्डका वर्ष खेलाडीलाई स्कुटर हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार




नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीद्वारा आयोजित 'आठौं पोखरा स्पोर्टस् अवार्ड' मा वर्ष उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरुलाई इलेक्ट्रिक स्कुटर हस्तान्तरण गरिएको छ ।

अवार्डमा वर्ष उत्कृष्ट खेलाडी घोषित भएका आईटिएफ टेक्वान्दोकी सुस्मिता थापा मगर र क्रिकेटका अर्जुन कुमाललाई पुरस्कार स्वरुप टेल्जी नेपालको टाइगर इलेक्ट्रिक स्कुटरले पुरस्कार प्रदान गरेको हो । क्रिकेटका अर्जुन हाल अभ्यास खेलका लागि भारतमा रहेको हुँदा उनको पुरस्कार गण्डकी प्रादेशिक क्रिकेट संघका सेलेक्टर चन्द्रबहादुर गुरुङ 'जिम्मी'ले ग्रहण गरे । उनीहरुलाई मञ्चका अध्यक्ष दीननाथ बराल र टेल्जी नेपालका पोखरा शाखा प्रमुख हिरा कोइरालाले संयुक्त रुपमा स्कुटर हस्तान्त्रण गरे ।

गत वैशाख २८ गते पोखरा सभागृहमा सम्पन्न भएको स्पोर्टस अवार्डको अर्न्तगतको वर्ष उत्कृष्ठ पुरुष तथा महिला विधाको पुरस्कार सम्पूर्ण प्रक्रियागत तरिकाले गर्दा केही समयपछि मंगलबार वितरण गरिएको मञ्चका अध्यक्ष एवं पोखरा स्पोर्टस् अवार्ड मूल आयोजक समितिका संयोजक बरालले जानकारी दिए।

वार्षिकरुपमा मञ्चले आयोजना गर्ने स्पोर्टस् अवार्डमा विभिन्न सातवटा विधामा उत्कृष्ट अवार्ड वितरण गरेको थियो ।

जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलाडी (पुरुष), वर्ष उत्कृष्ट खेलाडी (महिला), वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ र खेल पत्रकारिता पुरस्कार वितरण गरिएको थियो ।

स्कुटर हस्तान्तरण गर्दै मञ्चका अध्यक्ष दीननाथ बरालले खेलाडीको मनोबल उच्च राख्न खेलप्रतिको आकर्षणलाई थप बलियो बनाउन अवार्डले महत्वपूर्ण भूमिका खेलेको बताए ।

हस्तान्तरण कार्यक्रममा मञ्चका अध्यक्ष दीननाथ बराल, उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शशी कुमार पौडेल, प्रतिभा छनौट समिति संयोजक रोहितराज पराजुली, पूर्व सल्लाहकार सुर्दशन रञ्जित, सदस्य रिसीराम जिसी, अवार्ड प्राप्त गर्ने खेलाडी थापामगर , गण्डकी प्रादेशिक क्रिकेट संघका सेलेक्टर चन्द्रबहादुर गुरुङ 'जिम्मी', टेल्जी नेपालका पोखरा शाखा प्रमुख हिरा कोइराला लगायत थिए ।

मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।

## राजनीतिक स्थायित्वका लागि राष्ट्रिय सहमतिको सरकार : कांग्रेस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

नेपाली कांग्रेसले संविधानमा सामयिक संशोधन, राजनीतिक स्थायित्व र आर्थिक स्थिति सुधार गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग सत्ता समीकरणको सहमति गर्नुपरेको जनाएको छ ।

पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा मंगलबार बसेको कांग्रेस पदाधिकारी बैठकले संविधान कार्यन्वयनका क्रममा देखिएका समस्या राष्ट्रिय सहमतिका साथ समाधान गर्न एमालेसँग सहमति गर्नुपरेको निष्कर्ष निकालेको हो ।

बैठकमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले कांग्रेस र एमालेबीच सोमबार राति भएको सत्ता समीकरणको सहमतिबारे जानकारी गराउनुभएको थियो । सोमबार दुई दलबीच संविधान संशोधनलगायत विषयमा सहकार्य गर्दै अघि बढ्ने सहमति भएको थियो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकार परिवर्तन संविधान संशोधन गर्नको लागि हो : पूर्वमुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले संविधान संशोधन गर्नको लागि कांग्रेस र एमालेबीच सहकार्य हुन लागेको बताउनुभएको छ ।




राष्ट्रिय युवा संघ नेपाल कास्कीले मंगलबार पोखरा २६ मा आयोजना गरेको वृक्षरोपण कार्यक्रममा बोल्दै उहाँले त्यसको लागि राष्ट्रिय सहमतीको सरकार बनाउने प्रयास गरिने बताउनुभयो । अब चुनाव अगाडि गठबन्धनसमेतनबनाइनेउहाँकोदावीछ।

'केन्द्रमा पनि चुनाव अगाडि गठबन्धन नबनाउने, एकल चुनावमा प्रतिष्पर्धा गर्ने हो, यसमा नेपाली कांग्रेस सहमत हुने देखियो, हाम्रो त माओवादी केन्द्रलाई समेत सहमत गराएर राष्ट्रिय सरकार बनाउने प्रयत्न हो'उहाँले भन्नुभयो ।

हरेक पटक केपी ओली प्रधाननमन्त्री हुँदा मात्र संविधान संसोधन हुने गरेको भन्दै भूगोल र जनसंख्या नमिलेर चुनाव नहुने अवस्थाको सिर्जना हुँदा तथा नेपालको भूभाग समेटेर नक्सा प्रकाशित गर्दा भएको संविधान संशोधनको स्मरण उहाँले गराउनुभयो ।

'७ सय ५३ वटा स्थानीय तह छन्, सातवटा प्रदेश तह छन्, सबैलाई सानो नपारिकन स्थायी सरकार पनि हुने भएन, जनतामा आर्कषण पनि हुने भएन त्यसैले हामी संविधान संसोधन गर्न चाहन्छौ' अधिकारीलेप्रष्टपार्नुभयो।

यसैगरी समानुपातिक तर्फको प्रदेशको संख्या काटेर प्रत्यक्ष मात्र राख्ने र सानो साइजको प्रदेश सरकार बनाइने बताउनुभयो।

गण्डकी प्रदेशमा १२ वटा मन्त्रालयको पुगेर खर्च बढेको अवस्थामा आफूले सिधै ७ वटामा झारेको र यो कदमले जनतामा त्यतिबेला आशाको सञ्चार जगाएको सुनाउनुभयो । हाल सातवटै प्रदेशमा रहेका प्रदेश प्रमुखको संख्या समेत जम्मा एक जनामा झारिने खुलाउनुभयो ।

'समानुपातिकतर्फकोलाई एउटा संख्यामा पुऱ्याएर राष्ट्रिय सभामा पुऱ्याउने, उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने प्रदेश प्रमुख पनि सातवटाबाट घटाएर एकैजनाले सबैतर्फ काम गर्ने अवस्था ल्याउने तयारी छ' उहाँले भन्नुभयो ।

एमाले अध्यक्ष केपी ओलीसँग शेरबहादुर देउवाले असार १५ गते छलफल गर्नुभन्दा अघिल्लो दिन प्रधानमन्त्रीले देउवालाई भेटेर जुल्फी हल्लाएको कारण सरकार परिवर्तनको अवस्था आएको बताउनुभयो । यो चक्र घुमिरहने भएकोले यसलाई सामान्य रुपमा लिन उहाँको आग्रह छ। जनताले व्यवस्थाप्रति प्रश्न चिन्ह उठाइरहेकोले पुरानै राजनीतिक दलमा सुधार ल्याएर जनताको विश्वास जित्ने प्रयास समेत रहेको उहाँको भनाई छ ।

'प्रतिशोध साँधेर हुँदैन, हामी कसैलाई आरोप लगाउदैनौ कसैप्रति विरोध पनि गर्दैनौ हामी सबै मिलेर देश बनाउँछौ'उहाँले भन्नुभयो । यो व्यवस्थामाथि अराजकता आउँदाखेरी व्यवस्था सुदृढ गर्ने कुराको पहल भएको उहाँको भनाई थियो ।

राष्ट्रिय युवा संघ नेपाल कास्कीले वृक्षरोपण कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्दै उहाँले नेपालले काठ विदेशबाट निर्मात गर्ने नभइ यहाँबाट विदेश आयात गर्नुपर्ने बताउनुभयो। यस्तो गर्न सके राष्ट्रिय पुँजी निर्माणमा सकारात्मक सहयोग पुग्ने उहाँको विश्वास थियो।

कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका पूर्व अध्यक्ष राजीव पहारी, नेकपा एमाले कास्की अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्री लगायतले बोल्नुभएको थियो ।

राष्ट्रिय युवा संघ नेपालले ३ लाख विरुवा रोप्ने लक्ष्य राखेकोले सोही अनुसार ७३ औं मदन जयन्तीको अवसरमा कार्यक्रम गरिएको कास्की अध्यक्ष शंकर पौडेलले खुलाउनुभयो । कार्यक्रम मार्फत शिवशक्ती आधार भुत विद्यालयको प्राङ्गणमा भएको वृक्षरोपण कार्यक्रममा कुल ४ सय ८४ वटा फलफुलका विरुवा रोपिएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशस्तरीय स्क्वास छनौट प्रतियोगितामा कास्कीको वर्चश्व

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

गण्डकी प्रदेशस्तरीय स्क्वास छनौट प्रतियोगितामा कास्कीका खेलाडीहरुको वर्चश्व रहेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश स्क्वास र्याकेट संघको व्यवस्थापनमा सोमबार बेलुका पोखरा रंगशालामा सम्पन्न भएको उक्तप्रतियोगितामाकास्कीकैअधिकांश खेलाडीहरुको वर्चश्व रहेको हो।

राउण्ड रोबिनको आधारमा दुई दिन सम्म सञ्चालन भएको प्रतियोगितामा पुरुष ४ मध्य ३ जना कास्कीका खेलाडी छनौट हुनु भएको छ भने महिला तर्फ गोर्खाकी कृष्णा थापालाई प्रारम्भिक छनौट छरणमा सिधै छनौट गरिएको छ भने अन्यलाई छनौट प्रतियोगिताबाट छनौट गरिएको संघले जनाएको छ। महिला तर्फ कास्कीकै ३ जना खेलाडी छनौट हुनु भएको छ।

पुरुष तर्फको उक्त प्रतियोगितामा कास्कीका श्रेष्ठले ७ अंक सहित प्रथम स्थान हासिल गर्न सफल हुनु भएको हो। प्रतियोगितामा नवलपुरका कासीराम भण्डारीलाई ६ अंकका साथ दोश्रो हुँदा कास्कीका राजु श्रेष्ठ तेश्रो हुनु भयो।

राजुले ५ अंक ल्याउदा कास्कीकै नवराज श्रेष्ठले ४ अंक ल्याउदै शान्त्वना हुनु भएको हो। राउण्ड रोबिनको आधारमा दुई दिन सम्म सञ्चालन भएको प्रतियोगितामा पुरुष तर्फ १२ जना खेलाडी सहभागि हुनु भएको गण्डकी प्रदेश स्क्वास र्याकेट संघका अध्यक्ष अशोक रञ्जितले बताउनु भयो। प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने खेलाडीहरुले पदक सहित जनही नगद रु ५, ३ र २ हजार प्राप्त गर्नु भएको छ।

त्यसै गरी महिला तर्फ प्रारम्भिक खेलाडीहरुको छनौट समेत गरिएको छ। छनौट हुने खेलाडीहरुमा गोर्खाकी कृष्णा थापा, कास्कीकी समिक्षा ठकुरी, कास्कीकी सृष्टिका उदास र कास्कीकै निस्ता श्रेष्ठ रहनु भएको छ।

प्रतियोगितामा बिजेयी खेलाडीहरुलाई प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठक, गण्डकी प्रदेश निती तथा योजना आयोगका निर्वतमान उपाध्यक्ष डा.श्रीकान्त खतिवडा, गण्डकी प्रदेश स्क्वास र्याकेट संघका अध्यक्ष अशोक रञ्जित, महसचिव कमल बहादुर बस्नते, जिल्ला स्क्वास संघका अध्यक्ष प्रविन पालिखे, पोखरा महानगर खेलकुदका अध्यक्ष दिपक बहादुर गोदार लगायतले पुरस्कार वितरण गर्नुभएको हो।

दशौं राष्ट्रिय खेलकुदका लागि प्रारम्भिक छनौट प्रतियोगिता समेत रहेको उक्त छनौट प्रतियोगिताबाट पहिलो चरणमा पुरुष तथा महिला तर्फका ४/४ जना खेलाडीहरु छनौट हुनु भएको संघ प्रदेशका अध्यक्ष रञ्जितले जनाउनुभयो।

# नागरिक समाजसँगै रहेर काम गर्नै प्रजिअको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, १८ असार



कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले प्रशासनले गर्ने निर्णय नागरिक समाजले अस्वीकार गर्ने खालको नहुने बताएका छन्।

एक महिनाअघिमात्र कास्कीको प्रमुख जिल्ला अधिकारीको रुपमा आएका पाण्डेले संघीय सरकारको प्रतिनिधिको रुपमा जिल्लामा हुने विभिन्न गतिविधिको नेतृत्व,नियन्त्रण र समन्वयकारी भूमिका निभाउनु नै आफ्नो दायित्व भएको पनि बताए।

प्रमुख जिल्ला अधिकारी पाण्डे पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत,सम्मान तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै थिए। प्रमुख जिल्ला अधिकारी पाण्डेले पर्यटकीय नगरीमा हुने रात्रिकालीन व्यवसायलाई सुरक्षित र व्यवस्थित बनाउने,अतिक्रमणमा परेका सार्वजनिक जग्गा फिर्ता ल्याउने,फेवातालको संरक्षण गर्नेलगायतका विषयमा आफ्नो ध्यान केन्द्रीत भएको पनि बताए। उनले दर्ता बिना संचालनमा रहेका व्यवसायविरुद्ध कठोर कदम चाल्ने र स्वच्छ प्रतिष्पर्धाको प्रवर्तन गर्ने प्रतिवद्धता पनि व्यक्त गरे।

कार्यक्रमका विशेष अतिथि तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले पछिल्लो समय प्रशासन र नागरिक समाज एवं निजी क्षेत्रबीचको सहकार्यको कडी टुटेकोमा चिन्ता व्यक्त गर्दै यसले अराजकता मौलाएको टिप्पणी गरे।

संघीय सरकारको प्रतिनिधि भएकाले जिल्लामा अलपत्र परेका संघीय सरकारका योजनाहरु पूर्ण गराउन पनि प्रमुख जिल्ला अधिकारीले पहल गर्नुपर्ने उनको भनाइ थियो।

पछिल्लो समय गण्डकीको राजधानीसमेत रहेको पोखरामा लगानी बढ्न नसकेको, राजश्व वृद्धि पनि नभएको तथ्याङ्क पेश गर्दै उनले लगानी प्रवर्द्धन र आयात प्रतिस्थापना गर्नेतर्फ राज्यका निकायहरुले ध्यान दिनुपर्ने बताए।

नेपाल राष्ट्र बैंक पोखराकी प्रमुख विना पौडेलले पर्यटकीय सहर भए पनि पोखराले नेपालको कुल ग्राहस्थ उत्पादनमा कम योगदान गरेको र पर्यटन क्षेत्रमा कम कर्जा प्रवाह भएको तथ्य पेश गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने गरी अगाडि बढ्न व्यवसायीहरुसँग आग्रह गरिन्।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले अनुगमन वा कारवाहीको नाममा व्यवसायीहरुको चरित्रहत्या गर्ने काम बन्द हुनुपर्ने माग गरे।

'व्यवसायीहरुको चरित्रहत्या गर्ने उपक्रम बढेको छ। व्यवसायीहरुले कानून पालना गर्नैपर्छ र कानूनभन्दा माथि कोही हुँदैन तर अनुगमन वा अनियमितताको नाममा अभियोग लगाउने उपक्रममा नै हल्लाखल्ला गरिदिने, उसले वर्षौं लगाएर बनाएको ब्राण्ड बिगार्ने कामले कसैको भलो गर्दैन् भन्नेतर्फ पनि विचार गरियोस्,' उनले भने।

आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमार्फत् व्यावसायिक फर्मको कारोबार व्यक्तिको खातामा राख्न नपाइने नियम लागू गरिएको प्रसंग निकाल्दै उनले घरेलु र आजको पर्यटन तथा उद्योग कार्यालयमा दर्ता गरिएका तर विविध कारणले नवीकरण नभएका फर्महरुको नवीकरणमा छुटसहित विशेष व्यवस्था गर्नुपर्ने माग पनि अगाडि सारे।

सरकारी कार्यालय र निजी क्षेत्रबीच समन्वय र सूचना आदान-प्रदानको अभाव रहेको बताउँदै उनले रचनात्मक काममा निजी क्षेत्र सहकार्य गर्न तम्तयार रहेको पनि बताए।

पछिल्ला वर्षहरुका बजेटमा पूँजीगत खर्चको मात्रा घट्दा र सरकारले ठेकेदारहरुलाई समयमा भुक्तानी दिन नसक्दा बजार सुस्ताएको जिकिर पनि गरे।

व्यवसायीहरुलाई एउटै थलोबाट सबै सुविधा प्रदान गर्नुपर्ने माग गर्दै उनले भने,' स्वच्छ व्यवसाय गर्नु र कर तिर्नु हाम्रो दायित्व र कर्तव्य दुबै हो भन्नेमा हामी प्रष्ट छौँ तर निजी क्षेत्र कमाउने वर्ग हो र यो वर्गलाई कर र शुल्कको भारी बोकाउनु पर्छ, जरिबाना ठोकी हाल्नुपर्छ भन्ने मान्यताबाट राजनीतिक नेतृत्व र निजामती कर्मचारी संयन्त्र माथि उठोस्।'

आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख शिव शर्माले व्यवसाय मैत्री कर प्रणाली कार्यान्वयनमा आफ्नो ध्यान केन्द्रीत भएको बताए।

पोखरा उद्योग वाणिज्य वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले संघले गरेका सामाजिक कार्यहरुको फेहरिस्त प्रस्तुत गर्दै व्यवसायीहरुको हित रक्षा र सामाजिक कार्यमा निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गरे।

संघका महासचिव बलराम आचार्यले प्रशासनिक निकाय र निजी क्षेत्रबीचको सहकार्यबाट सम्मुनत समाज निर्माण हुने बताए। कार्यक्रममा पोखराका विभिन्न सरकारी कार्यालयका प्रमुखहरुको पनि उपस्थिति रहेको थियो।

## पोखरा ...

भएको छ। असार १० गते नीति तथा कार्यक्रममा यस बिषयमा पोखराका मेयर धनराज आचार्य, उपमेयर मन्जुदेवि गुरुङले महानगरले पाउनुपर्ने राजश्व उठाउने वचन दिएका थिए।

यसैबिच, नेकपा एमाले कास्कीले महानगरले मणिपाल अस्पताललाई छुट दिएको बिषयमा गम्भिर ध्यानाकर्षण भएको जनाएको छ। मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै एमाले पोखरा महानगरका अध्यक्ष जीवन प्रसाद आचार्यले उक्त राजश्व छुट दिने बिषयमा एमालेका कुनै वडा अध्यक्ष देखि समितिका कुनै पदाधिकारी संलग्न भएमा आवश्यक कार्वाही गर्ने चेतावनी दिदै उक्त छुट दिने बिषयमा महानगरले महानगरका जनताको हित विपरित निर्णय गरेको उल्लेख गरे। बैठकको निर्णय पुस्तिकामा लेख्नुपर्नेमा स्वार्थ समुहको इशारामा विवादास्पद निर्णयहरु महानगरले गरी भ्रष्टचारको दलदलमा फसेको एमालेको आरोप छ।

यस बिषयमा सूचना अधिकारी र प्रवक्ताले गोलमोटल जबाफ दिने महानगरका मेयर धनराज आचार्यले जबाफ दिन नचाहेको अध्यक्ष आचार्यले गुनासो गरे। नगर सभामा कागेंस भन्दा एमालेको बहुमत छ यस्तो बिषयमा तपाईहरुका सदस्यहरुले किन आवाज नउठाएको किन समर्थन गरेको हाल आएर एमालेले यस बिषयमा किन आवाज उठाएको भन्दै पत्रकारले सोधेको प्रश्नमा अध्यक्ष आचार्यले आफ्ना कुनै सदस्य यसमा संलग्न भए कार्वाही गर्ने बताए।

आगामी दिनमा महानगरले गर्ने निर्णय र कार्यपालिका बैठक लाइफ गर्न, अपारदर्शी निर्णयहरु श्रृङखलाबद्ध रुपमा नरोकिए आन्दोलनका कार्यक्रम गर्ने आचार्यले बताए।

मणिपाल शिक्षण अस्पतालले पोखरा महानगरलाई तिर्नुपर्ने नक्सापासको रकम तिरेको अबस्थामा पुनः नक्सापासको लागि महानगरले आफ्नो बदनाम गर्दै थप करम माग गरे पछि मणिपाल शिक्षण अस्पताल सर्वोच्च अदालयमा रिट दायर गरेको छ। महानगर र महालेखा परिक्षणको प्रतिवादीको रुपाम रिट हालेको मणिपाललाई बुधबार सर्वोच्च अदालतले प्रमाण सहित उपस्थिती हुन आदेश दिएको मणिपाल श्रोतले जनाएको छ।

तत्काल बेरुजुमा उल्लेख गरिए बमोजिमको रकम नतिरेमा कारवाही अघि बढाउने भन्दै महानगरले मणिपाललाई पत्र बुझाए पछि मणिपाल अदालतमा गएको बताइन्छ।

१ करोड ७५ लाख ५३ हजार रुपैयाँ अस्पतालको नक्सा पास सम्बन्धि लाग्ने राजश्व पनि बढी भएको मणिपालको दाबी छ।

## राजनीतिक...

बैठकपछि कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले सञ्चारकर्मीसँग कुरा गर्दै अब एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले आलोपालो सरकारको नेतृत्व गर्ने र अन्य दललाई पनि समावेश गर्ने सहमति जनाउनुभएको जानकारी दिनुभयो। आगामी निर्वाचनसम्म एमाले र कांग्रेसले आलोपालोमा सरकारको नेतृत्व गर्ने र सरकारमा अन्य दललाई पनि संलग्न गराउने समझदारी भएको उहाँले बताउनुभयो।

यसैगरी नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गिरिजाप्रसाद कोइरालाकै कारण देशमा गणतन्त्र स्थापना भएको बताउनुभएको छ।

गिरिजाप्रसाद कोइरालाको जन्मजयन्तीका अवसरमा कांग्रेस केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागद्वारा आज पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'क्रान्तिदेखि शान्तिसम्म' फोटो प्रदर्शनीको उद्घाटन गर्दै उहाँले गणतन्त्र स्थापनामा गिरिजाबाबुको योगदान सधै चिरस्मरणीय रहने बताउनुभयो।

सभापति देउवाले गिरिजाबाबुका कारण देशमा प्रजातन्त्र पुनःस्थापनाका साथै गणतन्त्र प्राप्त उल्लेख गर्नुभयो। "गिरिजाबाबु २००७ को क्रान्तिदेखि देशको राजनीतिमा क्रियाशील, प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा हुनुहुन्थ्यो," उहाँले भन्नुभयो। विद्यार्थी कालमा गिरिजाबाबुकै कारण आफू नेपाल विद्यार्थी सङ्घको सभापति भएको उहाँले बताउनुभयो

# रविलाल अधिकारीको सम्झनामा जनसाँस्कृतिक महासंघको कविता प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १८ असार



साहित्यकार प्रा. डा. रविलाल अधिकारीको ८० औं जन्मजयन्तीमा राष्ट्रिय जनसांस्कृतिक महासंघ गण्डकी प्रदेश समितिले खुला कविता प्रतियोगिता सम्पन्न गरेको छ। अधिकारी महासंघको संस्थापक केन्द्रीय सदस्य पनि हुनुहुन्थ्यो।

प्रतियोगितामा कास्कीका संयोग बस्याल प्रथम भएका छन्। बागलुङका गौतम मनिष द्वितीय, पर्वतका विवेक पराजुली तृतीय र पर्वतकै सजिना पौडेलले सान्त्वना स्थान प्राप्त गरे।

प्रथम भएका बस्यालले ११ हजार एक सय ११ , द्वितीय भएका मनिषले आठ हजार आठ सय ८८, तृतीय पराजुलीले छ हजार छ सय ६६ र सान्त्वना पौडेलले चार हजार चार सय ४४ नगदका पुरस्कार र प्रमाण पत्र प्राप्त गरे।

प्रतियोगितामा ४३ जनाले कविता पठाएकोमा अन्तिम छनौटमा परेका २२ जनाले मात्र कविता वाचन गरेका थिए। प्रतियोगिताको निर्णायकमा प्रा. डा. जगन्नाथ रेग्मी, उप प्राध्यापक निर्मल सापकोटा र प्राज्ञ छन्दिका त्रिपाठी हुनुहुन्थ्यो। प्रमुख अतिथि नेकपा (एमाले) स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेश सरकारका पूर्व अर्थमन्त्री किरण गुरुङले पुरस्कार वितरण गर्नुभएको थियो। कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि गुरुङले भूमिगतकालमा अधिकारीको घरमा आफूले पटक पटक सेल्टर लिएको र उहाँबाटै कला साहित्यप्रतिको आफ्नो रुचि निर्माण भएको स्मरण गर्नुभयो।

कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्ची र पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले पनि साहित्यकार अधिकारीको कृतित्व र व्यक्तित्वको चर्चा गर्नुभएको थियो।

प्रा. डा रविलाल अधिकारीका छोरा हाल राष्ट्रिय वाणिज्य बैंकको गण्डकी प्रदेशका प्रमुख समेत रहेका प्रमोद अधिकारीले बुवाका स्मृति ग्रन्थ प्रकाशनमा ल्याउने तयारीमा रहेको कार्यक्रममा जानकारी दिनुभएको थियो।


महासंघ अध्यक्ष सुवास मल्लको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य महासंघ कास्की अध्यक्ष शिवहरि ढुंगाना, सञ्चालन गण्डकीका महासचिव छवि सुवेदीले गर्नुभएको थियो।

वि.सं. २००२ साल असार १६ गते तत्कालीन लमजुङ जिल्लाको मिजुरेडाँडा गोर्जे हाल मादी गाउँपालिका वडा नं. ९ मा जन्मेका रविलाल अधिकारीको २०७९ फागुन १६ मा निधन भएको थियो। साहित्यकार अधिकारीको सम्झनामा महासंघले हरेक वर्ष खुल्ला कविता प्रतियोगिता आयोजना गर्ने गर्दछ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# ठूला दलको सहमति

नेपाली कांग्रेस र नेकपा एमालेबीच सोमबार राष्ट्रिय सहमतिको सरकार बनाउन नयाँ सत्ता गठबन्धन गर्ने सहमतिलाई दुवै पार्टीको बैठकबाट अनुमोदन गराएका छन । काङ्ग्रेस सभापति शेर बहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय सहमतिको सरकार बनाउन सहमति गरेका थिए । माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाबाट धोका पाएका काङ्ग्रेस र एमालेले बनाउने सरकारमा सहभागी हुन दलहरूलाई आव्हान गरेका छन । काङ्ग्रेसले आम जनताको मुद्दालाई सम्बोधन गर्न एमालेसँग सत्ता सहकार्य गर्ने निर्णय गरेको जनाएको छ । मंगलबार

बिहान बुढानिलकण्ठमा बसेको पदाधिकारी बैठकपश्चात प्रवक्ता प्रकाशशरण महतले राजनीतिक स्थायित्व,सुशासन र आर्थिक सुधारका लागि एमालेसँग गठबन्धन बनाउन लागिएको जानकारी दिए । सोमबार राति एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन हुने र डेढ वर्षपछि त्यसको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्ने सहमतिमा हस्ताक्षर भएको छ ।

संविधानलाई समसामयिक रुपमा संशोधन गर्ने सहमति पनि बनेको काङ्ग्रेसको भनाई छ। काङ्ग्रेस प्रबक्ता डाक्टर प्रकाश शरण महतले आवश्यकताअनुसार अन्य दललाई पनि सरकारमा ल्याउन छलफल गरेर अगाडि बढ्ने बताए । उनले अस्थिरता लामो समयदेखि देखिएकाले कांग्रेस र एमाले एकै ठाउँमा आउनुपर्ने आवश्यकता देशमा देखिएकाले नयाँ समझदारी बनेको काङ्ग्रेसले स्पष्टीकरण दिएको छ । काङ्ग्रेस र एमाले बीच भएको सहमतिलाई एमाले सचिवालय बैठकले अनुमोदन गर्दै बुधबारसम्म राजीनामा दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आग्रह गरेको छ। मंगलबार बसेको सचिवालय बैठकले एमाले र कांग्रेसबीचमा भएको सहमति अनुसार संविधानको धारा ७६ (२) को अर्को सरकार निर्माण गर्न बुधबारसम्म मार्गप्रशस्त गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आह्वान गर्ने निर्णय गरेको छ ।

एमालेले कांग्रेससँग भएको सहमति अनुसार अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठन हुने सरकारलाई राष्ट्रिय सहमतिको सरकार बनाउन अरु दललाई पनि सहभागी हुन आह्वान गरेको छ । सोमबार राति कांग्रेस र एमालेबीच नयाँ सरकार बनाउन भएको सहमतिको सरकारको नेतृत्वमा आलोपालो गर्ने र सुरुमा ओली प्रधानमन्त्री हुने सहमति भएको दुवै दलका नेताहरुको भनाइ छ ।संसदका दुई ठूला दल मिलर सरकार बनाउँदा प्रतिपक्ष कमजोर हुँने त होइन भन्ने आशंका गरिएको छ । साना दललाई सरकारको नेतृत्व गर्न दिँदा सरकारको प्रभावकारिता नदेखिएको सबैले महसुस गरेका हुन।टालाटुली बटुली कति राम्री पुतली जस्तै बन्दा जनतामा चरम निराशा पलाएको छ।जनताले सरकार भएको अनुभूति गर्न नपाउँदा अराजकता बढेर गएको छ।सधैं भ्यागुतोको धार्नी जस्तै प्रदेश र संघीय सरकार जोगाउन खोज्दा सबैलाई मन्त्री बनाउनुपर्ने दबाब छ । मन्त्री र अन्यलाई लाभको पद दिन कञ्जुस्याँइ भएको ठानेर नेतृत्वलाई घुर्की लगाउने प्रबृत्ति रोक्न ठूला दलको सहमति भएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीका किसान टिम्मुरखेतीतर्फ आकर्षित

पोखरापत्र संवाददाता
म्याग्दी, १८ असार

म्याग्दीको बेनी नगरपालिका-३ मुसुङ्का लालबहादुर घर्ती यतिखेर खेतमा रोपाइँ गर्दै हुनुहुन्छ । रोपाइँमा व्यस्त भए पनि उहाँको ध्यान भने पाखो र खेत नजिकैको खाली जग्गामा लगाएको टिम्मुरका बोटमा पुगेको देखिन्छ ।

घर्तीले आफ्नै बारीमा नर्सरी स्थापना गरेर टिम्मुरका बिरुवा उमारी बिक्री गर्दै आउनुभएको छ । डिभिजन वन कार्यालय, उद्योग वाणिज्य सङ्घलगायत सङ्घसंस्थाको पहलमा प्राविधिक तालिम लिएर स्थापना गरिएको नर्सरीबाट रु २५ मा प्रतिबिरुवा बिक्री हुने गरेको घर्तीले जानकारी दिनुभयो । म्याग्दीमा टिम्मुरखेती व्यावसायिक बन्दै गएको छ । खेतबारीका कान्ला र बाँझो जग्गामा मात्रै होइन खेतीयोग्य जमिनमा पनि अरू खेती छोडेर यहाँका किसानले टिम्मुरखेती गर्न थालेका छन् । बेनी वडा नं ३ भकिम्ली, वडा नं ९ घतान, तोरीपानी र वडा नं १० पाल्लेखेतसहित मालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिकामा व्यावसायिकरूपमा टिम्मुरखेती गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

अन्य अन्नबाली छाडेर खेतबारी, निजी तथा सामुदायिक वनमा टिम्मुरखेती गर्न थालिएको कार्यालयका सहायक वन अधिकृत एवं टिम्मुरविज्ञ चन्द्रमणि सापकोटाले जानकारी दिनुभयो । एक दशकअघिसम्म त्यत्तिकै खेर गइरहेको टिम्मुरको पछिल्लो समय स्वदेश तथा विदेशबाट अत्यधिक माग हुन थालेपछि यहाँका किसान टिम्मुरखेतीमा आकर्षित भएका उहाँको भनाइ छ । जिल्लामा २० समूह गठन गरी टिम्मुरखेती विस्तार भइरहेको डिभिजन वन कार्यालयले जनाएको छ । टिम्मुरविज्ञ सापकोटाले सामुदायिक वनमा रहेको टिम्मुर आर्थिक अवस्था कमजोर भएका र एकल महिलाले सङ्कलन गरेर बिक्री गर्ने गरेका बताउनुभयो । पाँच वर्ष अघिसम्म ६० घरधुरीले टिम्मुरखेती गरेकामा अहिले करिब एक सय ५० घरधुरीले टिम्मुरखेती गरिरहेका उहाँले जानकारी दिनुभयो। टिम्मुरखेतीलाई प्रोत्साहन गर्न जिल्लास्थित उद्योग सङ्घले विभिन्न किसिमका औजारसहित तालिममा सहयोग गरिरहेको छ। 'एक गाउँ एक उत्पादन'अन्तर्गत तोरीपानीसहित विभिन्न गाउँमा १९ हजार पाँच सय बिरुवासहित प्राविधिक सहयोग गरिएको सङ्घले जनाएको छ । जिल्लामा किसानले टिम्मुर प्रशोधन गर्ने औजारसमेत ल्याएका छन् । तोरीपानीका नीलपहरा सामुदायिक वन उपभोक्ता समूहले टिम्मुर सुकाउने, प्रशोधन गर्ने, तौलने, मसला बनाउने औजार खरिद गरेको छ । वन डिभिजन कार्यालयको रु १० लाख अनुदानमा ती औजार खरिद गरिएको स्थानीय टेकबहादुर चोखालले बताउनुभयो ।

तोरीपानी गाउँबाट वार्षिक छ हजारको हाराहारीमा बिरुवा जिल्लाबाहिर बिक्री हुने गरेको छ । एकजना किसानले छ किलोदेखि माथि टिम्मुर उत्पादन गर्दै आइरहेका छन् । प्रशोधन औजारको प्रयोगसँगै मसला बनाई बजारमा बिक्री गर्न, मिसावट रोक्न, गाउँकै 'ब्रान्ड'लाई स्थापित गर्नलगायत बजारीकरणमा सहज भएको कृषक समूहले जनाएको छ ।

# बाढीले पुल बगाउँदा बेँसीसहर-चामे सडक अवरुद्ध

पोखरापत्र संवाददाता
लमजुङ, १८ असार

बेँसीसहर-चामे सडक अवरुद्ध भएको छ । अविरल वर्षाले यस सडकअन्तर्गत चामे गाउँपालिका-१ स्थित तिमाङ खोलाको काठेपुल बगाएपछि सडक अवरुद्ध भएको डुम्रे-बेँसीसहर-चामे सडक आयोजना कार्यालयका सूचना अधिकारी किरण पोखरेलले बताउनुभयो ।

सूचना अधिकारी पोखरेलका अनुसार पुल बगाएको स्थानमा नयाँ काठेपुल बुधबारसम्ममा राखिने छ । आयोजना कार्यालयले काठेपुल राख्न उक्त स्थानको निरीक्षण गरिसकेको छ । पानी निरन्तर परिरहेकाले सडकका विभिन्न भागमा पहिरो खस्ने जोखिम छ । यसैबीच निरन्तर वर्षा भइरहेकाले नदी तथा खोलानालामा पानीको बहाव बढेकाले तटीय क्षेत्रमा बसोबास गरेका सर्वसाधारणलाई सतर्क रहन लमजुङ र मनाङ जिल्ला प्रशासन कार्यालयले आग्रह गरेका छन् ।

# चन्दा सङ्कलन गरेर खेलमैदान निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १८ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-६ पाखापानीमा चन्दा जुटाएर खेलमैदान निर्माण भएको छ ।

स्थानीयवासी, प्रवासीहरू र गाउँपालिकाको सहयोग जुटाएर स्टार स्पोर्टस् क्लबले खेलमैदान निर्माण गरेको हो । रु ४३ लाख ७७ हजार एक सय ५७ को लगानीमा निर्माण भएको खेलमैदानका लागि रु ३५ लाखभन्दा बढी प्रवासी र स्थानीयवासीले चन्दा सहयोग गरेका क्लबका अध्यक्ष केशव पाइजाले बताउनुभयो । "खेलमैदानमाभलिबल,बास्केटबल र एथलेटिक्स विधाका खेल सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "खेलाडीहरूलाई अभ्यास गर्न र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ ।" स्थानीयवासीले उपलब्ध गराएको पाखोबारी सम्याएर ढलानसहितको खेलमैदान निर्माण गरिएको हो । चालीस मिटर लम्बाइ र १८ मिटर चौडाइमा ढलान गरी फाइबर बोर्ड राखिएको खेलमैदानको कुनातर्फ दर्शक बसेर खेल अवलोकन गर्न मिल्ने प्यारापिट बनाइएको छ । स्थानीय रामकुमारी पाइजा, धनबहादुर रोका, जसे पुन, कुल तुलाचन, हेमलाल शेरपुञ्जा र गोरे पुनले निःशुल्क जग्गा उपलब्ध गराउनुभएको थियो ।

हाल हङ्कङमा कार्यरत पाखापानीका भीम पुनको नेतृत्वमा रु १८ लाख छ हजार एक सय ५३, बेलायतमा रहनुभएका क्लबका संस्थापक सचिव असुन पाइजा र कोषाध्यक्ष रमेश पाइजाको पहलमा रु छ लाख ९१ हजार, अष्ट्रेलियामा रहेका पूर्वसहकोषाध्यक्ष डेक पाइजाको अगुवाइमा रु दुई लाख १५ हजार र सिङ्गापुरबाट रु एक लाख सहयोग प्राप्त भएको क्लबले जनाएको छ । रघुगङ्गा गाउँपालिकाले चालु आव २०८०/८१ मा रु सात लाख ४७ हजार अनुदान उपलब्ध गराएको योजनाका लागि देशभित्रै र विश्वका अन्य देशमा रहेका पाखापानीवासीहरूले रु आठ लाख १८ हजार पाँच सहयोग गरेका छन् । पाखापानीका एक सय ५२ घरधुरीले न्यूनतम दुई दिनका दरले श्रमदान गरेका छन् । थिरवाङ टोलवासीले गिट्टी र रु १२ हजार नगद सहयोग गरेका थिए । कमनाथबाट रु ११ हजार र पाखापानी गाउँबाट रु नौ हजार सहयोग प्राप्त भएको थियो । स्वर्गीय टेकबहादुर र तीर्थकुमारी पुनको स्मृतिमा उहाँका छोराहरू खिम पुन र भीम पुनले रु तीन लाख छ हजार खर्च गरेर पाखापानीको मूल सडकबाट खेलमैदान जोड्ने सडक निर्माण गर्नुभएको छ । खेलमैदानमा घेराबार, नाली र स्टेजसहितको भवन निर्माण गर्ने लक्ष्य राखिएको अध्यक्ष पाइजाले बताउनुभयो ।

# सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/०३/१९**

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना ब्याज र अन्य दै–दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक–पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८१/०१/२३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिने पहिलो सार्बजनिक सूचना, दोस्रो पटक २०८१/०२/३१ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने ऋण चुक्ता गर्न आउने सम्बन्धी सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः तेस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी ७ (सात ) दिने यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै–दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइ दिनुहुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तपाईले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एका घरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।**

**तपशिल**

| क्र सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|---|
| १. |  | सदस्यता न : १७८०<br>१. **नाम** : **अमृत बिश्वकर्मा**<br>जन्म मिति : २०४०/११/१०<br>ना.प्र.नं : १३६५४९<br>जारी मिति : २०६०/०२/२६<br>बाबु : पुर्णसिह बिश्वकर्मा<br>बाजे/ससुरा : खड्के बिश्वकर्मा<br>ठेगाना साविक : धिताल-३ कास्की<br>हाल : माछापुच्छ्र-६ कास्की<br>सम्पर्क नं. : ९८०६५६०९१८<br><br>**धितो विवरण**: अमृत बिश्वकर्माको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायाम रहेको कास्की जिल्ला साविक घाचोक गा.वि.स. वडा न. ०३ स्थित कित्ता न.११६१ क्षेत्रफल १-१२-३-० रोपनी |  | १. **नामः** : **पुर्णसिह विश्वकर्मा**<br>ना.प्र.नं. : ५८१२७<br>जन्म मिति : २०२१/०४/१५<br>जारी मिति : २०५४/०९/०१ कास्की<br>बाबु : खड्के विश्वकर्मा<br>बाजे : गर्बे विश्वकर्मा<br>ठेगाना : साविक धिताल-३ कास्की<br>हाल : माछापुच्छ्रे-६ कास्की<br>सम्पर्क नं. : ९८२३७०६२७० |
| | | |  | २. **नामः** : **राजेन्द्र नेपाली**<br>ना.प्र.नं. : ११९६४८<br>जन्म मिति : २०४०/०४/११<br>जारी मिति : २०५८/०७/१६<br>बाबु : लिले सार्की<br>बाजे : लक्ष्मण सार्की<br>ठेगाना : साविक ढिकुरपोखरी १ कास्की<br>हाल : अन्नपूर्ण १ कास्की<br>सम्पर्क नं. : ९८०५१९५५६३ |
| २. |  | सदस्यता न. : १६५७<br>१. **नाम** : **दिपा गुरुङ**<br>जन्ममिती : २०४२/१२/०७,<br>ना.प्र.नं : ४५१०५७/२६१०,<br>जारी मिति : २०६४/०८/२१ लमजुङ<br>बाबु : नौं बहादुर गुरुङ<br>पति : उमेश गुरुङ<br>बाजे/ससुरा : मनबहादुर गुरुङ<br>ठेगाना : साविक श्रीभञ्ज्याङ-१, लमजुङ<br>हाल : पोखरा १४, चाउथे<br>सम्पर्क नं. : ९८१४१२०८०३<br><br>**धितो विवरण**: दिपा गुरुङको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं-७ स्थित कित्ता नं ८९३, ८८९ र ८९७ को क्षेत्रफल क्रमश ८१०.८०, १४५.०७, १५१.०३ वर्ग मि. |  | १. **नाम** : **उमेश गुरुङ**<br>ना.प्र.नं. : २५१३७<br>जारी मिति : २०५४/०८/१९ लमजुङ<br>बाबु : मन बहादुर गुरुङ<br>बाजे : बलराम गुरुङ<br>ठेगाना : श्रीभञ्याङ-१, लमजुङ<br>हाल : पोखरा१४, चाउथे<br>सम्पर्क नं. : ९८५६०३१३१५ |
| | | |  | २. **नाम** : **चिजकाजी गुरुङ**<br>ना.प्र.नं. : १११५ कास्की<br>बाबु : पुर्ण बहादुर गुरुङ<br>बाजे : भक्त बहादुर गुरुङ<br>ठेगाना : पोखरा-१४ कास्की<br>हाल : पोखरा-१४ कास्की<br>फोन नं. : ९८६९१४६४७५ |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**

# लायन्सद्वारा महेन्द्रमा अक्षयकोष, एसइइ उत्तीर्ण विद्यार्थीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १८ असार



लायन्स क्लव अफ पोखरा चौतारीले महेन्द्र माध्यमिक विद्यालय घार्मीमा अक्षयकोष स्थापना गरेको छ।

ग्रामिण क्षेत्रमा रहेका सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्ने हेतुले क्लवका अध्यक्ष परशुराम पौडेलले आफ्ना माता पिता दण्डपाणी/भिमकलाको स्मृतिमा ५१ हजार राशीको शैक्षिक अक्षयकोष स्थापना गर्नुभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ पौडेलले जानकारी दिनुभयो । विद्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथी लायन्सका एरिया जोन प्रमुख सुर्य प्रसाद वराल र कलवका अध्यक्ष परशुराम पौडेलले ५१हजार रुपैयाको चेक विद्यालयका अध्यक्ष बैकुण्ठ पौडेल तथा प्रधानाध्यापक वासुदेव पौडेललाई हस्तान्तरण गर्नुभयो । कायृक्रममा बोल्दै जोन प्रमुख वरालले सामाजिक सेवाको क्षेत्रमा लायन्स क्लव अग्रणी संस्था रहेको वताउँदै, ग्रामिण भेगका वालवालिकाको शैक्षिक विकासमा सवैले ध्यान दिनुपर्नेमा जोड दिनुभयो। क्लवका अध्यक्ष पौडेलले आफ्नो सहयोगले यस विद्यालयका वालवालिकाको शैक्षिक सुधारमा केही हौशला मिल्ने वताउँनुभयो ।

कार्यक्रममा क्लवका निवर्तमान अध्यक्ष ऐन व. ऐर, पुर्व अध्यक्ष संजीव वहादुर कोईराला, मोहनवावु खड्का, राजेन्द्र कार्की, सरद कुमार सापकोटा, रामचन्द्र अधिकारी, विद्यालयका अध्यक्ष बैकुण्ठ पौडेल, प्रधानाध्यापक वासुदेव पौडेल, सल्लाहकार महेश्वर पौडेल लगायतले लायन्सको अर्न्तराष्टिय संस्थाले नेपालमा गरेका कार्यको चर्चा गरेका थिए। सो अवसरमा क्लवले विद्यालयलाई निरन्तर सहयोग जारी राख्ने घोषणा समेत गरेको छ ।

सोही अवसरमा विद्यालयले माध्यमिक शिक्षा परिक्षा उर्त्तीण विद्यार्थीलाई बधाई सहित सम्मान समेत गरेको छ ।उत्कृष्ट जिपिए सहित उर्त्तीण भएका असिम सुनार, विजय पौडेल,निश्चल सुनार, मन्जित सुनार,प्रगति सुनार र झरण गर्वुजालाई विद्यालयका अध्यक्ष बैकुण्ठ पौडेल, प्रधानाध्यापक वासुदेव पौडेल, सल्लाहकार महेश्वर पौडेल, शिक्षक सरद सापकोटाले खादा लगाएर बधाई सहित सम्मान गरे ।

अध्यक्ष पौडेलले सामुदायिक विद्यालय तर्फ यस विद्यालयले प्राप्त गरेको नतिजा अव्वल रहेको वताउनुभयो । उहाँले विद्यालयको शैक्षिक गुणस्तर थप वृद्धि गर्न आवस्यक समवन्य गरिने स्पष्ट पानुभयो ।विद्यार्थी विजय पौडेलले विद्यालयको सम्मानले थप हौशला मिलेको वताए ।

२०४७ सालमा स्थापना भएको विद्यालयले २०५२ सालदेखि पहिलो पटक प्रवेशिका परिक्षामा सहभागिता जनाएको वताईएको छ ।

# फुस्रेखोला देउराली सडकमा सात वर्षमा तोकिएको मध्ये आधा काम

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

आर्थिक वर्ष २०७३/७४ मा सुरु भएर पनि पूर्णता पाउन नसकेको फुस्रेखोला रामदी मट्टिखान हुँदै स्याङजाको देउरालीसम्मको सडक आयोजनामा सात वर्षमा करिब ५१ प्रतिशत काम सम्पन्न भएको छ ।

यस क्षेत्रको समृद्धिसँग जोडिएको आयोजना सुस्त गतिमा अगाडि बढ्दा स्थानीयवासी निराश छन् । सडक अनुगमन समितिका सदस्यसमेत रहनुभएका स्थानीय राजकुमार गुरुङले सडक निर्माणमा स्थानीय बासिन्दाको सहयोग हुँदासमेत सरकारीस्तर र निर्माण व्यवसायीका कारण ढिलासुस्ती भएको गुनासो गर्नुभयो । "यो सडक यस क्षेत्रको समृद्धिसँग जोडिएको छ । हामीले छिटो निर्माणका लागि दबाद दिँदासमेत निर्माणकार्यले गतिलिन सकेको छैन । त्यसैले तत्काल कामलाई तीब्रता दिन हाम्रो आग्रह छ", उहाँले भन्नुभयो।

सङ्घीय सरकारले सुरु गरेको उक्त आयोजना तीन वर्षअघि गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो ।

कूल १३ दशमलव चार किलोमिटर सडक निर्माणका लागि रु ३१ करोडमा सिरुवा श्यामश्याम जेभी काठमाडौँले ठेक्का पाएको छ । पूर्वाधार विकास कार्यालयका कन्सल्टेण्ट इञ्जिनियर धनप्रसाद सुवेदीले एकतर्फी पक्की नालासहितको सडक तोकिएको समयमा सम्पन्न नहुँदा पटक-पटक समय थप गरिएको बताउनुभयो । पछिल्लोपटक २०८१ सालभित्र कार्यसम्पन्न गर्ने गरी निर्माण कम्पनीसँग सम्झौता भएको छ । सम्झौताअनुसार तीन सय मिटर ढलान र सबै सडक कालोपत्र गरिने योजना छ ।

"समयमा रकम निकासा र निर्माण व्यवसायीको दृढ इच्छाशक्ति हुने हो भने आगामी एक वर्षभित्र बाटो निर्माण सम्पन्न हुनेछ । त्यसका लागि हामीले पनि दबाब दिइरहेका छौँ", इ सुवेदीको भनाइ छ ।

# अनुदानमा आधुनिक हलोको ताँती, किसानलाई हल गोरु नै जाती

पोखरापत्र संवाददाता
बागलुङ, १८ असार

पाँच वर्षअघि नै बागलुङका बजार तथा ग्रामीण क्षेत्रमा आधुनिक हल (मिनी टेलर) तर्फ किसानको आकर्षण बढेको थियो । स्थानीय पालिकाले पनि कृषिमा आधुनिकीकरण गर्ने भन्दै किसानलाई आधुनिक हलो अनुदान दिने लहरनै चलेको थियो । तर पछिल्लो समय किसानले आधुनिक हलो जाति मान्न छोडेका छन् ।

सुरु-सुरुमा आधुनिक हलो पाउनका लागि चासो दिनेहरू अहिले वास्ता गर्न छाडेका छन् । आधुनिक हलोका सट्टा गोरु पाल्न थालेका छन् । ग्रामीण क्षेत्रका भिराला जमिन जोत्न समस्या हुने र गोरुले जोते जस्तो नहुने हुँदा आधुनिक हलोको प्रयोग घट्न थालेको हो । आधुनिक हलोले थोरै समयमा धेरै खेतबारी जोत्न सकिने भए पनि उत्पादनमा ह्रास आएपछि हल गोरु पाल्न थालेको निसीखोला गाउँपालिका-२ का किसान खुमबहादुर कुँवरले बताउनुभयो । तराईमा आधुनिक हलो उपयुक्त हुने भए पनि पहाडी क्षेत्रमा प्रभावकारी नभएको उहाँको भनाइ छ । करिब तीन वर्षसम्म आधुनिक हलोले खेतबारी जोतेर बाली लगाउँदै आए पनि उत्पादनमा ह्रास आएपछि हलगोरुनै पाल्न थालेको कुँवर बताउनुहुन्छ ।

आधुनिक हलोले गोरुले जसरी गहिरो हुने गरी नजोत्दा मकैबाली ढल्ने, धानले गतिलो गरी जरा नहाल्दा उत्पादन घटेको उहाँको भनाइ छ । "गाउँमा आधुनिक कृषि प्रणाली अपनाउन थाल्यौँ, मिनिटेल हलो ल्याएर खेतबारी जोत्न काम पनि भयो, तर हाम्रो जस्तो क्षेत्रमा मिनिटेलको प्रभावकारी हुँदो रहेनछ", उहाँले भन्नुभयो । उहाँका अनुसार बारीमा कहीँ ढुङ्गा, कहीँ गग्रेटा हुन्छन्, तर आधुनिक हलोले गहिरो गरि नजोत्ने रहेछ र गारुले जोत्दा हलो गहिराईसम्म पुग्ने हुँदा बीउ पनि राम्रोसँग उम्रिने र जरा बलियो हुनेरहेछ ।

"मिनिटेलले माथिमाथिको माटो मात्रै उप्काउने हुँदा उत्पादन घट्यो, मैले हल गोरुले जोत्दा १७/१८ मुरी धान फलाउथ्याँ, आधुनिक हलोले जोत्दा तीन वर्षसम्म लगातार उत्पादन घट्यो, त्यही भएर अहिले गोरु पालेर जोत्न थालेको छु", उहाँले सुनाउनुभयो । पछिल्लो समय बागलुङका धैरै किसानले हल गोरु पाल्न थालेका छन् । कृषि ज्ञान केन्द्र बागलुङ र स्थानीय तहले अनुदानमा दिने आधुनिक हलोप्रति कम चासो दिएको पाइन्छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ ठूलाखेत चैनपुर हर्पन पर्यटन पद मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः ठूलाखेत चैनपुर हर्पन पर्यटन पद मार्ग निर्माण
ठेगानाः पोखरा-२३, ठूलाखेत चैनपुर हर्पन
योजना सम्झौता मितिः २०८०/११/२७ गते
योजना शुरु मितिः २०८०/११/२८ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/०१ गते
योजनाको कुल लागतः रु. २७,७९,९१३/-
महानगरपालिकाबाटः रु. २५,००,०००/-
जनसहभागिताबाटः रु.२,७९,९१३/-
उपभोक्ता समिति अध्यक्षः खड्का बहादुर सुनार
निर्माण समिति सदस्य संख्याः १८
महिलाः ५, पुरुषः १३

**ठूलाखेत चैनपुर हर्पन पर्यटन पद मार्ग निर्माण उपभोक्ता समिति पोखरा-२३**

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०३।१८
दोश्रो पटक प्रकाशित मिति २०८१।०३।१९

यस कम्पनीको मिति २०८१।०३।०८ गतेको विशेष साधारण सभाको पारित निर्णय र श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०८१।०३।११ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता रहेको यस कम्पनीको साविकको नाम केफाश इन्भेष्टमेन्ट कम्पनि प्रा. लि. (Cephas Investment Company Pvt. Ltd.) को प्रा.लि. दर्ता न. १२५९२३/०७१/०७२ लाई परिवर्तन गरी हालको नाम केफास इन्भेष्टमेन्ट एण्ड होल्डिङ्स प्रा.लि. (Cephas Investment and Holdings Pvt. Ltd.) कायम गर्ने र साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गर कायम गरिएको व्यहोरा सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०३।१८ गते
दोश्रो पटक प्रकाशित मितिः २०८१।०३।१९ गते

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६२६०७/०७३/०७४ को साविक गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.को नाम परिवर्तन भई अब उपरान्त हिमालयन व्हिसपर टुर्स एण्ड ट्राभल्स प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.**
पोखरा म.न.पा. १५, कास्की, नेपाल

'शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार'

## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## आयठेक्का बन्दोवस्तको दरभाउपत्र माग सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०३/१४**

यस नगरपालिकाले आगामी आ.व. २०८१/८२ को लागि देहायका शिर्षकहरुमा बढाबढका माध्यमबाट कर, सेवा शुल्क, दस्तुर संकलनको ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि देहायका शर्तहरु पालना गर्नुपर्ने गरी ईच्छुक व्यक्ति वा फर्मबाट १५ (पन्ध्र) दिने रीतपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको ब्यहोरा सम्वन्धित सबैको लागि अनुरोध छ।

| ठेक्का नं. | ठेक्का शिर्षकः | क्षेत्र | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक ) |
|---|---|---|---|
| १-०८१/८२ | बहाल बिटौरी कर | पुतलीबजार नगरपालिका क्षेत्र भित्र | १८०००० |
| २-०८१/८२ | चण्डि कालिका पुजा भेटी | चण्डि कालिका मन्दिर पु.ब.न.पा. १४ | २००००० |
| ३-०८१/८२ | भालुपहाड घुम्ति पार्क प्रवेश तथा पार्किङ | भालुपहाड घुम्ति पार्क पु.ब.न.पा. ४ | २००००० |
| ४-०८१/८२ | कबाडी कर | छाला, हाड, खर, सिङ, पलाष्टिक, फलाम र अन्य कबाडीजन्य वस्तु | ७००००० |
| ५-०८१/८२ | विज्ञापन कर | पुतलीबजार नगरपालिका क्षेत्र भित्र | ४६५८५० |
| ६-०८१/८२ | नगरपालिकाको स्वामित्वमा रहेको सिटीहलले चर्चेको बाहेकको खाली जग्गामा पार्कीङ्ग शुल्क | सिटी हल, स्याङ्जा | १९०१७९ |

**शर्तहरुः**

१. दरभाउपत्रदाताले नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. को परिचयपत्र सहित निवेदन दिई तोकिएको दस्तुर तिरी १५ (पन्ध्र) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट रु १००० (एक हजार) को दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। कवाडी करका दरभाउपत्र दाताले मुल्य अभिवृद्दि कर (VAT) दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ।
२. दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा अंकको ५ % (प्रतिशत) हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. रहेको खाता नं 07203000003000000001 को धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ।
३. दरभाउपत्र १६ औ दिन मध्यान्न १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्नेछ। दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ।
४. पेश हुन आएका दरभाउपत्र १६ औ दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघि आएको, कार्यालयबाट विक्री नभएको दरभाउपत्र फाराम भारी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एंव सहिछाप नभएको, प्रचलित कानूनको रित नपूगेको र शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५. दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।
६. दरभाउपत्र स्विकृत भएका दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७ दिन (सात) भित्र आफुले कबोल गरेको रकम VAT बाहेक यस कार्यालयको नेपाल बैंक लि. स्याङ्जामा रहेको खाता नं. 07203000001001000001 को आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नपर्नेछ। कवोल रकममा लाग्ने VAT रकम र अग्रिम आय कर वापतको रकम संघिय सरकारको राजस्व खातामा दाखिला गरी सम्भौताको बखतमा पेश गर्नुपर्नेछ।धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन। म्यादभित्र सम्झौता गर्न नआएमा कानून बमोजिम आवश्यक कारबाही गरी अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ।
७. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर/ शूल्क सङ्कलन गर्न प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नुपर्नेछ। साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नुपर्नेछ। कति परिमाणमा रसिद प्रयोग भयो सोको विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको जानकारी वा सूचना आएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।
८. विगतका वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेश्कि/बेरुजू बाँकी रहँदासम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन्। त्यस्तो कर चुक्ता बाँकी रहेका पेश्कि/बेरुजू बाँकी रहेका व्यक्ति वा फर्मले दरभाउपत्रम पेश गरेमा दरभाउपत्रलाई मुल्याङ्कनमा समाबेश गरिने छैन।
९. बन्द, हड्ताल, विपत्ति, वा कुनै पनि कारणले कर/शुल्क सङ्कलन गर्न नपाएको भनि मिनाहाको माग दाबी पाईने छैन। नगरपालिकामा जम्मा हुन आएको आय फिर्ता हुने छैन।
१०. प्राप्त दरभाउपत्रहरु स्विकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. धरौटि रकम ठेक्का अवधि समाप्त भएपछि फिर्ता दिईनेछ र सो रकम लिनका लागि सम्वन्धित निकायमा तिर्न बुझाउन बाँकि कर/शुल्क बाँकि रकम बुझाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
१२. नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नुपर्नेछ । सूचनामा उल्लेखित शर्तहरु र नगर पालिकाबाट गरिएका निर्देशनहरु उल्लङ्घन गरेमा दरभाउपत्रदाताको धरौटी रकम जफत गरी ठेक्का समेत नरहने गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ।
१३. दरभाउपत्रदाताले कर शुल्क संकलन गर्ने कर/ शुल्कको दररेट र क्षेत्र कार्यालयले सम्झौतामा तोकेबमोजिम हुनेछ।
१४. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(**चिरञ्जीवी पौडेल**)
**प्रमुख प्रशासकीय अधिकृत**